राक्सिराङ्ग गाउँपालिका
**गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर**
बैठक संख्या : ०६-०७९/०८०

मिति: २०७९/०९/२० गते बुधबार
समय: विहान ११:०० बजे

आज मिति २०७९ पुस २० गते बुधबार विहान ११:०० बजे गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइबा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार बाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिङ्गलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री देब चन्द्र गर्तौला | |

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर
बैठक संख्या: ०६-०७९/०८०

मितिः २०७९/०९/२० गते बुधबार
समयः विहान ११:०० बजे

निर्णय नं. १:

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं. २:

स्थानीय तहको सर्वोच्च निकायको रुपमा रहेको गाउँसभालाई कार्यकारिणी संस्थाको रुपमा रहेको गाउँ कार्यपालिकाले र गाउँसभा तथा गाउँ कार्यपालिकाको निर्णयानुसार गाउँ कार्यपालिकाको कार्यालयबाट भए गरेका काम कारवाहीहरु जानकारी गराई स्थानीय सरकार सञ्चालन ऐन, सुशासन ऐन तथा नियमावली बमोजिम पारदर्शितालाई प्रवर्द्धन गर्दै विधिको शासनलाई संस्थागत गर्न राक्सिराङ्ग गाउँ कार्यपालिकाले चालु आर्थिक वर्ष २०७९/०८० को ६ (छ) महिनामा भए गरेका काम, कारवाहीको संक्षिप्त समीक्षा गाउँसभाका सदस्यहरुलाई जानकारी गराउँदै चालु आर्थिक वर्षको ६ (छ) महिनामा भएको संलग्न विवरण अनुसारको अर्धवार्षिक समीक्षा स्वीकृत गरी गाउँसभाको बैठकमा पेश गर्ने ।

निर्णय नं. ३:

नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह गठन भई स्थानीय तहको रुपमा २०७४ सालमा यस राक्सिराङ्ग गाउँपालिका गठन भई स्थानीय सरकारको रुपमा कार्य गर्दै आएकोमा संघीय सरकाबाट प्राप्त स्विकृत दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन भई कार्य गर्दै आएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम कार्यबोझ, आवश्यकता, खर्चको क्षमताका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्विकृत गराउनु पर्ने प्रावधान रहेको ।
कार्यसम्पादनमा आवश्यक पर्ने कर्मचारीहरुको आवश्यकताको आधारमा स्थानीय तहलाई सक्षम एवं प्रभावकारी बनाउन गाउँपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु लगायतबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी, नतिजामुखी र नागरिक केन्द्रित बनाई सुशासनलाई संस्थागत गर्न तैयार गरीएको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यपालिकाबाट अनुमोदन गरी सभामा छलफल गरी स्विकृत गर्नुपर्ने भएको हुँदा संलग्न **"संगठन तथा व्यवस्थापन सर्वेक्षण"** प्रस्ताव स्विकृत गरी सभामा पेश गर्ने ।

निर्णय नं. ४:

स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम एवं प्रभावकारी बनाउन गाउँपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु लगायतबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी, नतिजामुखी र नागरिक केन्द्रित बनाई सुशासनलाई संस्थागत गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ तर्जुमा गरी सूचकसमेत पठाएको र सो सूचक अनुरुप यस राक्सिराङ्ग गाउँपालिकाले गत आर्थिक वर्षमा भए गरेका कार्यहरुको अंकभार समेत स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) को खण्ड "च", "ज" र "ट" मा स्वमूल्यांकन नतिजाको प्रारम्भिक नतिजा कार्यपालिकामा छलफल गरी अन्तिम नतिजा कार्यपालिकाबाट अनुमोदन गरी सभामा छलफल गरी स्विकृतीको लागि पेश गर्नुपर्ने व्यवस्था अनुसार कार्यपालिका बैठकमा पेश गरी अन्तिम नतिजा गाउँसभाबाट अनुमोदन गर्नुपर्ने भएको हुँदा प्रस्तुत प्रस्ताव संलग्न बमोजिमको स्वमूल्यांकन अन्तिम नतिजा अनुमोदन गर्दै गाउँसभाको तेर्हौं अधिवेशनमा पेश गर्न स्वीकृत गर्ने ।

**निर्णय नं. ५:**

स्थानीय सरकारमा सर्वोच्च तहको निकायको रुपमा रहेको गाउँसभाले नीति, कानुन बनाउने, संशोधन गर्ने तथा कार्यपालिकाबाट भए, गरेका काम, कारवाहीको नियमन र नियन्त्रण गर्ने गर्दछ । यसै सन्दर्भमा राक्सिराङ्ग गाउँ कार्यपालिकाले चालु आर्थिक बर्षको हालसम्म विभिन्न मितिमा बसेको बैठकले गरेका कानुन सम्मत निर्णयहरु गाउँसभाका सदस्यहरुलाई जानकारी गराउन समेत आवश्यक देखिएकोले "गाउँ कार्यपालिकाका कार्यालय तथा विषयगत शाखा" हरुद्वारा विभिन्न मितिमा भए गरेका निर्णय तथा खर्च अनुमोदन गर्ने साथै अर्को गाउँसभा नभएसम्म भैपरी र आकस्मिक कार्यका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव गाउँ सभामा पेश गर्ने ।

**निर्णय नं.६:**

आगामी आर्थिक बर्षका लागि बार्षिक नीति तथा कार्यक्रम एवं राजश्व तथा व्ययको अनुमान (बजेट) तर्जुमा गर्ने प्रयोजनको लागि नेपाल सरकारद्वारा स्वीकृत स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिमका योजना तर्जुमाका चरणहरु अवलम्बन गरी बार्षिक योजना तथा कार्यक्रम एवं बजेट तर्जुमाको कार्यलाई व्यवस्थित गर्न तपसिल बमोजिमको कार्यतालिका बनाई लागू गर्ने ।

**आ.ब. २०८०।०८१ को बार्षिक योजना तथा बजेट तर्जुमा कार्यतालिका**

| क.सं. | मिति | क्रियाकलाप | अपेक्षित उपलब्धी |
|---|---|---|---|
| १ | २०७९।०९।२० | • कार्यपालिका बैठक (११:०० देखि १२:३० बजे) | • बेरुजु फछ्र्यौट समिति गठन<br>• कार्यतालिका र कार्यक्रम स्वीकृत<br>• विषयगत क्षेत्रका योजना पेश गर्न निर्देशन दिने |
| २ | | • राजश्व परामर्श समितिको बैठक वडा सचिव सहित (१६:१५ देखि १८:००) | • चालु आ.ब. को राजश्व र खर्चको संशोधित अनुमान |
| ३ | २०७९।१०।०२ | • राजश्व परामर्श समितिको बैठक (७:०० देखि ९:००) | • करको विवरण संकलन |
| ४ | | • बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक - वडा अध्यक्ष सहित (१६:१५ देखि १८:३०) | • वडास्तरमा योजना छनौटको कार्य तालिका निर्माण र सूचना प्रकाशन र प्रसारण |
| ५ | २०७९।१०।०९ | • राजश्व परामर्श समितिको बैठक (८:०० देखि १०:००) वडा सचिव सहित | • चालु आ.ब.को राजश्व दर विश्लेषण र नयाँ दरको अनुमान |
| ५ | २०७९।१०।१३ | • राजश्व परामर्श समितिको बैठक (८:०० देखि १०:००) वडा सचिव सहित | • आगामी आ.ब.को नयाँ दरको अनुमान |
| ६ | २०७९।१०।१६ देखि २०७९।१०।२३ | • राजश्व परामर्श समितिको प्रारम्भिक प्रतिवेदन मस्यौदा तयारी | • राजश्व परामर्श समितिको प्रतिवेदनको मस्यौदा तयार |
| ७ | २०७९।१०।२७ | • राजश्व परामर्श समितिको बैठक (८:०० देखि १०:००) | • गाउँपालिकाको कर नीतिको प्रस्ताव<br>• प्रतिवेदनको अन्तिम मस्यौदा तयार |
| ८ | | • बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक - वडा अध्यक्ष सहित (१६:०० देखि १७:१५) | • वडास्तरको योजना छनौटको आधारहरु निर्धारण |
| ९ | २०७९।१०।२८ | • बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक - वडा अध्यक्ष सहित (१६:०० देखि १७:१५) | • वडास्तरको योजना छनौटको आधारहरु निर्धारण र अनुसूची फारामहरुको सम्बन्धमा छलफल |
| १० | २०७९।११।०८ | • कार्यपालिकाको बैठक (११:०० देखि १३:०० बजे) | • राजश्व परामर्श समितिको प्रतिवेदन पेश |
| ११ | २०७९।११।१० | • स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक (१७:१५ देखि १८:००) | • आन्तरिक आय, राजश्व बाडफाँटबाट प्राप्त हुने आय, नेपाल सरकार र प्रदेश |

| | | | |
|---|---|---|---|
| | | | हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण |
| १२ | २०७९।११।१५ | • स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक (१५:१५ देखि १७:००) | • आगामी आ व को कूल आयको प्रक्षेपण |
| १३ | २०७९।११।२२ | • स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक (१७:१० देखि १८:००) | • कूल बजेटको सीमा र विषयगत क्षेत्रको सीमा निर्धारणका आधार तय |
| १४ | २०७९।११।२६ | • स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक (८:०० देखि १०:००) | • आगामी आ.ब.को बजेट, तथा कार्यक्रमको प्राथमिकता निर्धारण |
| १५ | २०७९।१२।०४ | • स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक (८:०० देखि १०:००) | • बजेटको तथा कार्यक्रमको मार्गदर्शन निर्धारणका आधार तय |
| १६ | २०७९।१२।१० | • स्थानीय स्तरमा कार्यरत गैसस सहकारी उभोस तथा सामाजिक एवं सामुदायिक संस्थहरुसँग योजना तर्जुमा सम्वन्धी छलफल | • व्यवहारिक आयोजना कार्यक्रम |
| १७ | २०७९।१२।१८ | • स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक (८:०० देखि १०:००) | • आगामी आ.ब.को बजेटको कूल सीमा निर्धारण |
| १८ | २०७९।१२।२० देखि २८ सम्म | • बस्ती तहका योजना छनौट | • बस्ती तहमा योजना छनौट बैठक सम्पन्न हुने |
| १९ | २०८०।०१।०३ देखि १० सम्म | • वडा तहमा योजना छनौट | • वडा तहमा आयोजना कार्यक्रम प्राथमिकता निर्धारण र छनौट |
| २० | २०८०।०१।१४ देखि | • आर्थिक विकास समितिको बैठक | • क्षेत्रगत योजना प्रस्तुती र सरोकारवालाहरुको सुझाव संकलन |
| २१ | २०८०।०१।१५ देखि | • पूर्वाधार विकास समितिको बैठक | • क्षेत्रगत योजना प्रस्तुती र सरोकारवालाहरुको सुझाव संकलन |
| २२ | २०८०।०१।१५ देखि | • सामाजिक विकास समितिको बैठक | • क्षेत्रगत योजना प्रस्तुती र सरोकारवालाहरुको सुझाव संकलन |
| २२ | २०८०।०१।१६ देखि | • वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक | • क्षेत्रगत योजना प्रस्तुती र सरोकारवालाहरुको सुझाव संकलन |
| २३ | २०८०।०१।१६ देखि | • सुशासन तथा संस्थागत विकास समिति | • क्षेत्रगत योजना प्रस्तुती र सरोकारवालाहरुको सुझाव संकलन |
| २४ | २०८०।०१।२३ | • गैसस तथा अन्य संघ संस्थासँग बैठक | • गैसस तथा अन्य संघ संस्थाबाट योजना तथा बजेट संकलन |
| २५ | | • आर्थिक विकास समितिको बैठक (८:०० देखि १०:००) | • आर्थिक विकास समितिको प्रतिवेदन तयार |
| २६ | २०८०।०१।२७ | • बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (१७:१५ देखि १८:३०) | • स्थानीय स्तरका गौरवका आयोजना पहिचान र समपुरक कोषको ढाँचा तय |
| २७ | २०८०।०१।३० | • सामाजिक विकास समितिको बैठक (१६:०० बजे देखि १७:३०) | • सामाजिक विकास समितिको प्रतिवेदन तयार |
| २८ | २०८०।०२।०३ | • वन, वातावरण तथा विपद् व्यवस्थापन समिति (८:०० देखि १०:००) | • वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन तयार |
| २९ | | • पूर्वाधार विकास समितिको बैठक (१७:०० बजे देखि १८:३०) | • पूर्वाधार विकास समितिको प्रतिवेदन तयार |
| ३० | २०८०।०२।०५ | • सुशासन तथा संस्थागत विकास समिति (८:०० देखि १०:००) | • सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन तयार |
| ३१ | २०८०।०२।०७ | • बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | • आगामी आ.ब. को नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने |
| ३२ | २०८०।०२।१२ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | • आर्थिक विधेयकको मस्यौदा तयार गर्ने |
| ३३ | २०८०।०२।१७ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | • विनियोजन विधेयकको मस्यौदा तयार गर्ने |

| | | | |
|---|---|---|---|
| ३४ | २०८०।०२।२६ | कार्यपालिकाको बैठक (११:०० देखि १३:००) | • बार्षिक नीति तथा कार्यक्रम, अर्थ विधेयक र विनियोजन विधेयकको मस्यौदा उपर छलफल र कार्यपालिकाको समितिमा रायका लागि पठाउने |
| ३५ | २०८०।०३।३ | कार्यपालिकाको बैठक (११:०० देखि १३:००) | • बार्षिक नीति तथा कार्यक्रम स्वीकृति |
| ३६ | २०८०।०३।५ | गाउँसभाको बैठक/बर्षे अधिवेशन प्रारम्भ (११:०० देखि १३:००) | • गाउँ सभामा अध्यक्षबाट बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत |
| ३७ | २०८०।०३।६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | • प्राप्त योजनाहरुको प्राथमिकीकरण |
| ३८ | २०८०।०३।७ | बजेट तथा कार्यक्रम समितिको बैठक (१०:०० देखि १४:००) | • बजेटको प्रारम्भिक मस्यौदा तयार |
| ३९ | २०८०।०३।०८ | कार्यपालिकाको आर्थिक विकास समितिको बैठक (८:०० देखि १०:००) | • अर्थ विधेयक, विनियोजन विधेयक र बजेट उपर छलफल र राय सहित प्रतिवेदन तयार |
| ४० | | कार्यपालिकाको विधेयक समितिको बैठक (१७:०० देखि १८:००) | • अर्थ विधेयक, विनियोजन विधेयक र बजेट उपर छलफल र राय सहित प्रतिवेदन तयार |
| ४१ | २०८०।०३।०९ | कार्यपालिकाको बैठक (८:०० देखि १०:००) | • अर्थ विधेयक, विनियोजन विधेयक र बजेट उपर छलफल र गाउँ सभामा पेश गर्ने प्रस्ताव स्वीकृत |
| ४२ | २०८०।०३।१० | गाउँसभाको बैठक (११:०० देखि १३:००) | • आगामी आ.ब. को नीति तथा कार्यक्रम उपर छलफल र पारित<br>• उपाध्यक्षद्वारा गाउँ सभामा अर्थ विधेयक, विनियोजन विधेयक र राजश्व र व्ययको अनुमान (बजेट) तथा बार्षिक कार्यक्रम प्रस्तुत |
| ४३ | २०८०।०३।१५ | गाउँसभाको बैठक (११:०० देखि १३:००) | • अर्थ विधेयक उपर दफावार छलफल र संशोधन गर्नुपर्ने भए सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउने |
| ४४ | २०८०।०३।१७ | कार्यपालिकाको बैठक (अर्थ विधेयक गाउँ सभाबाट फिर्ता भएमा मात्र) (११:०० देखि १३:००) | • अर्थ विधेयकमा संशोधन |
| ४५ | २०८०।०३।१८ | गाउँसभाको बैठक (११:०० देखि १३:००) | • विनियोजन विधेयक उपर दफावार छलफल र संशोधन गर्नुपर्ने भए सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउने<br>• अर्थ विधेयक स्वीकृत |
| ४६ | २०८०।०३।२१ | कार्यपालिकाको बैठक (विनियोजन विधेयक गाउँ सभाबाट फिर्ता भएमा मात्र) (११:०० देखि १३:००) | • विनियोजन विधेयकमा संशोधन |
| ४७ | २०८०।०३।२३ | गाउँसभाको बैठक (११:०० देखि) | • राजश्व र व्ययको अनुमान (बजेट) तथा बार्षिक कार्यक्रम उपर छलफल संशोधन गर्नुपर्ने भए सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउने<br>• विनियोजन विधेयक स्वीकृत |
| ४८ | २०८०।०३।२५ | कार्यपालिकाको बैठक (राजश्व र व्ययको अनुमान (बजेट) गाउँ सभाबाट फिर्ता भएमा मात्र) (११:०० देखि १३:००) | • राजश्व र व्ययको अनुमान (बजेट) संशोधन |
| ४९ | २०८०।०३।२६ | गाउँ सभाको बैठक (११:०० देखि) | • राजश्व र व्ययको अनुमान (बजेट) स्वीकृत |

**निर्णय नं. ७:**

महालेखा परिक्षकको कार्यालयबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लेखापरिक्षण गर्दा देखिएको बेरुजु र कायम रहेका गत आ.व. हरुका बेरुजु संपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालय समक्ष पेश गर्ने सन्दर्भमा गाउँपालिकाको बेरुजु फछ्र्यौट समितिमा दफावार छलफल भई प्राप्त बेरुजु फछ्र्यौट समितिको प्रतिवेदन छलफलका लागि लेखा समितिमा पेश गर्ने।

**निर्णय नं. ८:**

गाउँपालिकाको सम्बन्धित विविध विषयमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट बिभिन्न समयमा भएका भ्रमणहरुलाई अनुमोदन गर्ने ।

**निर्णय नं. ९:**

यस गाउँपालिकाको क्षेत्रभित्रको आवतजावत तथा अत्यावश्यक सामग्रीहरुको ढुवानी, यात्रुको सहजता तथा सुरक्षालाई मध्येनजर गर्दै गाउँपालिका क्षेत्रभित्र संचालन हुने तीन पाङ्ग्रे तथा चार पाङ्ग्रे भाडाका सवारी साधनहरुको लागि नियमानुसार तपसीलका सडक खण्ड तथा रुटहरुमा अस्थायी/स्थायी रुट इजाजतका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

१. मनहरी चैनपुर खैराङ्ग

२. चेपाङ मार्ग खर्खंण्डेटार सिलाधुनी गैजुराङ्ग

३. नेवारपानि दुन्गु कुँडुले सरिखेत

**निर्णय नं. १०:**

निम्न कार्यविधिहरु स्वीकृत गर्ने:

(क) गाउँपालिका क्षेत्र भित्र कृषि एवं पशुपालन व्यवसायलाई नियमित र व्यवस्थित गर्न "कृषक समूह गठन तथा व्यवस्थापन कार्यविधि, २०७९" स्वीकृत गर्ने।

(ख) गाउँपालिकामा विकास निर्माण र विपद व्यवस्थापन सम्बन्धी विभिन्न कार्यहरु गर्न गाउँपालिकाको हेभी इक्युपमेन्टहरु उपयोग कार्यलाई नियमित र व्यवस्थित गर्न "हेभी इक्युपमेन्ट संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" स्वीकृत गर्ने।

**निर्णय नं. ११ (विविध) :**

(क) तपसिलमा उल्लेखित करार सेवामा कार्यरत जनशक्तिको करार अवधि २०७९ पुष मसान्त देखि समाप्त हुने भएकोले निजहरुको करार सेवाको म्याद चालु आर्थिक वर्षको २०८० असार मसान्तसम्म थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

तपसिल:

| सि.नं | कर्मचारीको नाम, थर | पद | श्रेणी/तह | कैफियत |
|---|---|---|---|---|
| १ | श्री अञ्जन हटुवाल | सूचना प्रविधि अधिकृत | अधिकृत छैठौं | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २ | श्री गोविन्द विश्वकर्मा | रोजगार संयोजक | अधिकृत छैठौं | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३ | श्री डिना हिमडुङ | कानुनी सहजकर्ता | सहायक पाचौं | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४ | मोहम्मद अनिस अन्सारी | हे.अ. | सहायक पाचौं | पलाँसे आधारभूत स्वास्थ्य सेवा केन्द्र-३ |
| ५ | श्री अन्जना प्रजा | हे.अ. | सहायक पाचौं | धिराङ्ग आधारभूत स्वास्थ्य सेवा केन्द्र-७ |
| ६ | श्री रजनि थापा | हे.अ. | सहायक पाचौं | देविटार आधारभुत स्वास्थ्य सेवा केन्द्र-८ |
| ७ | श्री सुवि मुक्तान | विद्यालय नर्स | सहायक पाचौं | सुर्योदय मा.वि. पलासैं |
| ८ | श्री झम्क ब. अर्याल | अ.स.ई. | सहायक चौथो | वडा कार्यालय, वडा नं. ९ |
| ९ | श्री पान बहादुर तितुङ | अ.स.ई. | सहायक चौथो | वडा कार्यालय, वडा नं. ५ |
| १० | श्री मदन मुक्तान | सह-लेखापाल | सहायक चौथो | वडा कार्यालय, वडा नं. ४ |
| ११ | श्री जिवन ठकुरी | अ.हे.ब. | सहायक चौथो | खैराङ्ग सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-९ |
| १२ | श्री मङ्गली मायाँ वाईवा | अ.न.मी. | सहायक चौथो | खैराङ्ग स्वास्थ्यचौकि, राक्सिराङ्ग-९, खैराङ्ग |
| १३ | श्री सनिपा गुरुङ्ग | अ.न.मी. | सहायक चौथो | धिराङ सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-७ |
| १४ | श्री रमा मुक्तान | अ.न.मी. | सहायक चौथो | सरिखेत स्वास्थ्यचौकि, राक्सिराङ्ग-२ |
| १५ | श्री गणेश कुमार मुक्तान | अ.हे.ब. | सहायक चौथो | सामूदायिक स्वास्थ्य ईकाई, राक्सिराङ्ग-४ |
| १६ | श्री रिता थिङ | अ.हे.ब. | सहायक चौथो | खैराङ्ग स्वास्थ्य चौकि, राक्सिराङ्ग-९ |

| | | | | |
|---|---|---|---|---|
| १७ | श्री मनिषा अधिकारी | अ.हे.ब. | सहायक चौथो | खैराङ्ग स्वास्थ्य चौकि, राक्सिराङ्ग-९ |
| १८ | श्री बल बहादुर थापा | अ.हे.ब. | सहायक चौथो | राक्सिराङ्ग स्वास्थ्यचौकि, राक्सिराङ्ग-५ |
| १९ | श्री धर्मराज वली | अमिन | सहायक चौथो | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २० | श्री विनोद पराजुली | प्राविधिक सहायक | सहायक चौथो | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २१ | श्री आरती प्रजा | अ.न.मी. | सहायक चौथो | खैराङ्ग स्वास्थ्य चौकि-९ |
| २२ | श्री सजिता प्रजा | अ.न.मी. | सहायक चौथो | देविटार आधारभुत स्वास्थ्य सेवा केन्द्र-८ |
| २३ | श्री उर्गेन लामा रुम्बा | अ.हे.ब. | सहायक चौथो | गौदान आधारभुत स्वास्थ्य सेवा केन्द्र-१ |
| २४ | श्री रमिला सिन्तान | अ.न.मी. | सहायक चौथो | गौदान आधारभुत स्वास्थ्य सेवा केन्द्र-१ |
| २५ | श्री अन्जना मुक्तान | ल्याव-असिस्टेन्ट | सहायक चौथो | राक्सिराङ्ग स्वास्थ्य चौकि |
| २६ | श्री मान सिं घलान | लघु उद्यम सहयोगी | सहायक चौथो | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २७ | श्री सावित्री मुक्तान | लघु उद्यम सहयोगी | सहायक चौथो | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २८ | श्री सरिता थापा | फिल्ड सहायक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| २९ | श्री सिङ्गराम मुक्तान | फिल्ड सहायक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३० | श्री सुरज मल्ल ठकुरी | हेभी सवारी चालक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३१ | श्री धन ब. थापा मगर | हलुका सवारी चालक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३२ | श्री केदार गिरि | हलुका सवारी चालक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३३ | श्री मध्यलाल थिङ | हलुका सवारी चालक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३४ | श्री रामलाल स्याङतान | व्याक हो लोडर सहायक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ३५ | श्री कविता कु. चेपाङ | कार्यालय सहयोगी | | सरिखेत स्वास्थ्यचौकि, राक्सिराङ्ग-२ |
| ३६ | श्री बुद्धिमाया प्रजा | कार्यालय सहयोगी | | राक्सिराङ्ग स्वास्थ्यचौकि, राक्सिराङ्ग-५ |
| ३७ | श्री सविना घलान | कार्यालय सहयोगी | | काँकडा स्वास्थ्यचौकि, राक्सिराङ्ग ६ |
| ३८ | श्री सुजता घिमिरे | कार्यालय सहयोगी | | खैराङ्ग सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-९ |
| ३९ | श्री चन्द्र बहादुर प्रजा | कार्यालय सहयोगी | | धिराङ सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-७ |
| ४० | श्री रेम्बो प्रजा | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४१ | श्री ईलिना चेपाङ | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४२ | श्री विन्दुमायाँ प्रजा | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४३ | श्री देउमायाँ प्रजा | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४४ | श्री विवेक थिङ | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४५ | श्री साँइला भ्लोन | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ४६ | श्री श्यामलाल रुम्बा | कार्यालय सहयोगी | | १ न.. वडा कार्यालय |
| ४७ | श्री बुद्धिराम वाईवा | कार्यालय सहयोगी | | २ नं. वडा कार्यालय |
| ४८ | श्री सुन्तली तामाङ्ग | कार्यालय सहयोगी | | ३ नं. वडा कार्यालय |
| ४९ | श्री राजकुमार थिङ्ग | कार्यालय सहयोगी | | ४ नं. वडा कार्यालय |
| ५० | श्री तीर्थ मुक्तान | कार्यालय सहयोगी | | ५ न.. वडा कार्यालय |
| ५१ | श्री विनोद कुमार थिङ | कार्यालय सहयोगी | | ६ न.. वडा कार्यालय |
| ५२ | श्री राजेश प्रजा | कार्यालय सहयोगी | | ७ नं. वडा कार्यालय |
| ५३ | श्री सिमन प्रजा | कार्यालय सहयोगी | | ८ नं. वडा कार्यालय |
| ५४ | श्री प्रदिप कुमार थिङ्ग | कार्यालय सहयोगी | | ९ नं. वडा कार्यालय |
| ५५ | श्री सुन्तलीमायाँ घलान | कार्यालय सहयोगी | | सामुदायिक स्वास्थ्य ईकाई, राक्सिराङ्ग-४ |
| ५६ | श्री सरिता नेपाली | कार्यालय सहयोगी | | पँलासे आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| ५७ | श्री उर्मिला रुम्बा | कार्यालय सहयोगी | | गोदान आधारभूत स्वास्थ्य सेवा केन्द्र, |
| ५८ | श्री माया लामा | हे.अ. | सहायक चौथो | खैराङ्ग स्वास्थ्य चौकि, राक्सिराङ्ग-९ |
| ५९ | श्री अमृता प्रजा | अ.न.मी. | सहायक पाँचौ | राक्सिराङ्ग आधारभूत स्वास्थ्य सेवा केन्द्र, राक्सिराङ्ग-४ |
| ६० | श्री विमला प्रजा | पोषण स्वयसेवक | | राक्सिराङ्ग गाउँ कार्यपालिका |
| ६१ | श्री प्रकाश वाइबा | एक्साभेटर सहायक अपरेटर | सहायक चौथो | राक्सिराङ्ग गाउँ कार्यपालिका |

(ख) यस गाउँपालिका भित्र सामाजिक क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने सरकारी तथा गैर सरकारी संघ संस्था, टोल विकास संस्था, खेलकुद संस्था, क्लव, बहालवाला र निवर्तमान जन प्रतिनिधिहरु, विभिन्न सामाजिक क्षेत्रमा कार्य गर्ने विभिन्न संघ संस्था तथा समितिहरु, गाउँ कार्यपालिका र अन्तर्गत कार्यरत विभिन्न ओहदाका कर्मचारीहरुलाई उत्कृष्ट कार्य गरे वापत सम्मान तथा पुरस्कार प्रदान गर्न देहायको पुरस्कार तथा सम्मान समिति गठन गर्ने:

संयोजक : श्री राज कुमार मल्ल, अध्यक्ष
सदस्य : श्री बनस्तम थिङ, उपाध्यक्ष
सदस्य सचिव : श्री देव चन्द्र गतौंला, प्रमुख प्रशासकीय अधिकृत

(ग) यस गाउँपालिकाबाट आकस्मिक रुपमा देहायका शीर्षकमा भुक्तानी गरिएका खर्चहरु अनुमोदन गर्ने ।

| सि.नं. | शिर्षक | भुक्तानी प्राप्त गर्ने | भुक्तानी रकम |
|---|---|---|---|
| १ | सांस्कृतिक सम्पदाहरुको खोज अध्ययन एवम् अभिलेखन कार्यक्रम | भन्याङ्ककालिका मेला ब्यवस्थापन समिति राक्सिराङ्ग ३ | ४०,०००।०० |
| २ | युवा तथा खेलकुद कार्यक्रम | महिला भलिबल संचालन समिति राक्सिराङ्ग ३ | ३६,३००।०० |

(घ) रकम विनियोजन सम्बन्धमा:

१) आ व २०७८।८९ मा गाउँपालिकाबाट संचालन भएको झोलुङ्गे पुलहरुको स्टील पार्ट्स खरिदको लागि ठेक्का नं PRO/SQ/RAK-01-078-79 PROCUREMENT Of Fabication of Steel Parts and Supply) श्री जलप नेपाल प्रा.लि सँग सम्झौता भएको रकम रु १८,५८,७७३।४७ (मूअक सहित) मध्ये मिति २०७९।०३।२४ मा भुक्तानी हुँदा रु १६,४४,९३२।२७ मात्र भुक्तानी भएकोमा छुट हुन गएको भ्याट सहित रु २,१३,८४१।२० गाउँपालिकामा प्राप्त हुने स्रोतबाट भुक्तानीका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

२) प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को लागि समुदायस्तरमा सञ्चालित मतदाता शिक्षा कार्यक्रमका लागी खटिएका महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई मतदाता शिक्षा कार्यक्रम कार्ययोजना, २०७९ बमोजिम भ्रमण खर्चवापत रकम रु. ८०,०००/ विनियोजन गरी निजहरुबाट प्राप्त प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

३) नेपाल सरकारले स्वीकृत गरी जारी गरेको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम लाभग्राहिहरुलाई बैङ्क खातामार्फत मासिक रु. ५,०००/ उपलब्ध गराई सोको सोधभर्ना मागका लागि आवश्यक कार्य गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने।

(ङ) श्री थिङ निर्माण सेवा प्रा.लि., राक्सिराङ्ग ४ ले 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनि कागजात पेश गरेकोमा गाउँपालिकाको प्राविधिक समितिले निरीक्षण गर्दा मापदण्ड पुरा भएको देखिएकोले उक्त थिङ निर्माण सेवा प्रा.लि., राक्सिराङ्ग ४ लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम इजाजत पत्र प्रदान गर्न गाउँ कार्यपालिकाको कार्यालय लाइ निर्देशन दिने।

(च) चालु आ.व. २०७९/०८० का लागि बहु क्षेत्रीय पोषण विशेष कार्यक्रम पहिलो चरणमा चेपाङ बाहुल्य वडाहरु ५,६,७,८ र ९ मा देहाय बमोजिम संचालन गर्ने

| बजेट खर्च सम्बन्धि निर्देशन तथा सर्तहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र स | विषयगत क्षेत्र | क्रियाकलाप | इ का इ | प्रति इकाइ मुल्य | जम्मा रकम | स्रोत | संचालन हुने समय | कैफियत |
| १ | शासकिय प्रवन्ध | क) पलिका स्तरिय पोषण तथा खाध सुरक्षा निर्देशक समिति गठन | २ | ३०००० | ६०००० | नेपाल सरकार | | पोषण संवेदनशिल |
| | | ख) वडा स्तरिय पोषण तथा खाध सुरक्षा निर्देशक समिति गठन | ९ | ५००० | ४५००० | नेपाल सरकार | | |
| | | ग)पोषण स्वयम्सेवक परिचालन खर्च | १ | १२ | ३०८५०० | नेपाल सरकार | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | घ)अनुगमन तथा समिक्षा कार्यक्रम | १ | ६१५०० | ६१००० | नेपाल सरकार | | |
| २ | स्वास्थ्य | Otc स्थापना गर्ने | १ | १५०००० | १५०००० | नेपाल सरकार | | पोषण बिषेश |
| ३ | महिला तथा बालबालिका | महिला समुह वा सहकारीका महिलाहरुको पोषण सुधार गर्न आयआर्जन अनुदान | २५ | २५००० | ६२५००० | नेपाल सरकार | | पोषण संवेदनशिल |
| ४ | कृषि | लक्षित वर्गहरुलाई पोषण युक्त खाधन्न उत्पादनको लागि तरकारीको बिउ बितरण | १ | १००००० | १००००० | नेपाल सरकार | | पोषण संवेदनशिल |
| ५ | शिक्षा | मा.वि. स्कुलहरुमा किशोर किशोरीहरुलाई पोषण सम्वन्धि अभिमुखिकरण | १ | ५०००० | ५०००० | नेपाल सरकार | | पोषण संवेदनशिल |
| ६ | खानेपानी तथा सरसफाइ | सार्वजनिक स्कुलमा वास कर्नरको स्थापना | १ | १००००० | १००००० | नेपाल सरकार | | पोषण संवेदनशिल |
| ७ | पशु | लक्षित वर्गहरुलाइ कुखुरा वितरण | १ | | १००००० | नेपाल सरकार | | पोषण संवेदनशिल |
| जम्मा | | | | १६०००० | | | | |

(छ) राक्सिराङ्ग गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७९/०३/१७ को निर्णय नं. १ अनुसार स्थानीय शिक्षा ऐन,२०७४ को दफा १६(ज) अनुसारको गाउँ शिक्षा समितिको सदस्यमा तपसिल बमोजिमको सदस्यहरु मनोनित गरिएकोमा उक्त निर्णयलाई यस बैठकबाट अनुमोदन गर्ने।

तपसिलः

१. प्रेम बहादुर मुक्तान

२. चित्र बहादुर थापा

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत निर्णय गरियो ।**

| | | | |
|---|---|---|---|
| ..................<br>(सुजता दमाई)<br>कार्यपालिका सदस्य | ..................<br>(सजिना मुक्तान नेपाली )<br>कार्यपालिका सदस्य | ..................<br>(शुशिला सुनार)<br>कार्यपालिका सदस्य | ..................<br>(शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |
| ..................<br>(सिङ्गलाल प्रजा)<br>कार्यपालिका सदस्य | ..................<br>(चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | ..................<br>(बाबी राम मुक्तान)<br>वडा अध्यक्ष | ..................<br>(बुद्ध राम मुक्तान)<br>वडा अध्यक्ष |
| ..................<br>(उत्तम वाइबा)<br>वडा अध्यक्ष | ..................<br>(संजय कोइराला)<br>वडा अध्यक्ष | ..................<br>(हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | ..................<br>(अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष |

| | |
|---|---|
| (बनस्तम थिङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |